


Prime Minister Agriculture Modernization Project
Sindhupalchowk

एक्काइसौं शताव्दीको मध्यतिर नै औद्योगीकरणको मुख्य नेतृत्व गर्ने वालीको रुपमा मकै नै पहिलो हुनेमा संसारभरका वैज्ञानिकहरु एकमत भएका छन। मकै अत्यधिक उत्पादनशील क्षमता भएको बाली हो। धान वा गहुं संग तुलना गर्दा मकैको उत्पादन क्षमता कम्तीमा पनि ३ गुणाले वढी हुन्छ।



मकैको सेवनले हाम्रो छाला कोमल हुनुका साथै रोग प्रतिरोधी क्षमता बढ्ने, घाउ खटीरा नआउने र बुढ्यौलीका लक्षण छिटो नदेखिने हुन्छ। दैनिक रुपमा एक(दुइ मुठी मकै खाने मानिसको छाला कान्तिमय हुन्छ। मकैले शरीरमा उत्पादन हुने रोगकारक फ्रि रेडिकल्सबाट मुक्त गर्न महत्त्वपूर्ण भूमिका खेल्दछन।





प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाई
सिन्धुपाल्चोक



स्वदेशी हाइब्रीड मकैको वीउ हामिले नै उत्पादन गर्न सक्छौं। यसैको खेती गरौं, विदेशी वीउको परनिर्भरता हटाऔं। स्वदेशी वीउ नै दिगो कृषिको आधार हो।





प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

**परियोजना कार्यान्वयन इकाई**

सिन्धुपाल्चोक

नंया कृषि अभियान सहकारी संस्थाद्वारा खुमल हाइब्रीड २ मकैको को प्रथम पुस्ताको वीउ उत्पादन गरिएको तस्विरहरु

कृषिको आधुनिकीकरणको लागि पहिलो र अन्तिम शर्त नै मेसिनको प्रयोगद्वारा सिधा सिधा लाइनमा खेती गरिनु पर्दछ भन्ने हो । परंपरागत खेतवारीहरुलाइ यन्त्रमैत्री हुनेगरि सुधार नगरिकन आधुनिक खेतीको अपेक्षा गर्न सकिंदैन।






प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन इकाई
सिन्धुपाल्चोक

मकैलाइ आर्थिक क्रान्तिको विहानी ल्याउने इन्जीनको रुपमा पहिचान गरिएको छ। मकै वालीमै आधारित भइ सन्सारभर सयौं प्रकारका उद्योगहरु सन्चालन भइरहेका छन।



प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाई
सिन्धुपाल्चोक





Prime Minister Agriculture Modernization Project
Sindhupalchowk

लाईनमा मकै रोप्ने बिधि उपयोग गरेको अबस्थामा मकै संगै अन्य  कोसेबाली तथा तरकारी बालीहरु लगाइ दोहोरो आम्दानि लिन सकिन्छ। अन्तरवालीको रुपमा मकै संग वेसार तथा अदुवा लगाइ प्रति एकाइ जमिनको  उत्पादकत्व वढाउन सकिन्छ। त्यसैगरी हरेक वर्षको दिपावलीलाइ लक्षित गरि घुसुवा वालीको रुपमा सयपत्री, गोदावरी तथा मखमली फूलको उत्पादन गर्ने हो भने राम्रो मुल्यका साथ सहजै वजार प्राप्त भइ थप आम्दानी आउन सक्दछ। मकैको खेत वरिपरी डेस्मोडीयम र नेपियर जस्ता घांसहरुलाइ रिपेलेन्ट तथा ट्र्याप क्रप को रुपमा लगाइ कीराको आक्रमण वाट जोगाउँदै पशुपालनलाई थप वढावा दिन सकिन्छ।



हाम्रो खेतवारीका कान्लाहरु घुमेका र बांगा टींगा छन् र त्यस्तो अवस्थामा मेसिनले खेती गर्न अत्यन्तै कठिन हुन्छ । खेतवारीहरुलाइ यन्त्र मैत्री वनाउनको लागि बांगा टींगा कान्ला हरुलाई सिधा सिधा पार्नु पर्दछ। त्यसको लागि चक्लावन्दीमा खेती गर्न तयार भएका जग्गाधनीहरु आपसमा मिलेर प्राविधिकको सहयोगमा आफ्नो खेतवारीको जम्मा क्षेत्रफलमा तलमाथी नहुने गरि कान्लाहरुलाई सिधा सिधा पार्न सकिन्छ। त्यसैगरि होचा होचा कान्लाहरु छन् भने २, ३ वटा गह्राहरुलाइ मिलाई एउटै वनाउन सकिन्छ। तर त्यसो गर्दा कुनैपनि गह्राको सतहको माटोलाई पुरिन दिनुहुँदैन। यस अनुसार गह्रा सुधार गरेर चक्लावन्दिमा यान्त्रिकरणका साथ आधुनिक खेती गरी जग्गाको स्वामित्व अनुसार दामासाहिले हिसाव गरेर लगानी तथा प्रतिफल को वांडफांड गर्न सकिन्छ। कृषिको आधुनिकीकरणको अवको वाटो नै यहि हो।





विभिन्न वैज्ञानिक अध्ययनको निष्कर्ष अनुसार दैनिक ३० ग्राम जति सुख्खा वनाइएको मकैको भर्जिन जुँगालाइ पानीमा उमालेर वहुऔषधीको रुपमा चिया जसरी सेवन गर्न सुझाव दिइएको छ। यसमा प्रशस्त मात्रमा एन्टीअक्सिडेन्ट्सहरु पाइन्छ, शरिरबाट फ्री रेडीकल जस्ता अनावश्यक हानिकारक पदार्थ हरुलाइ निष्काशन गर्न कर्न सिल्क चियाले धेरै नै मद्दत गर्दछ। विषेशगरि सोडीयम र पोटासीयमलाइ सन्तुलनमा राखि रक्तचाप ठिक गर्न र दिमागलाइ ताजै राखिराख्न मकैको जुंगा चियाको रुपमा प्रयोग गरिन्छ। मकैको जुँगालाई मानिसको वजन कम गर्नको लागी समेत प्रयोग गर्न सकिन्छ। रोग प्रतिरोधात्मक क्षमता कम भएका मान्छेहरुको रगतमा प्लेटलेट्सको संख्या वढाउनको लागि जुंगा सहीत मकै उसिनेको पानी पिउन समेत डाक्टरहरुले सुझाव दिने गरेका छन। विषेशगरी ढल्कदों उमेरका लोग्ने मान्छेहरुको प्रोस्टेट लाइ ठीक गर्नमा मकैको जुंगाले चमत्कारीक नतिजा दीनेकुरा वैज्ञानीकहरुले दावी गरेका छन।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाई
सिन्धुपाल्चोक